बुद्धभूमि नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ को अनुसूची -२
दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

# बुद्धभूमि राजपत्र

## कपिलवस्तु

## (स्थानीय राजपत्र)


**खण्ड ४ बर्ष ४ अंक ९ मिति : पुस ९ गते २०७७**


**स्थानीय सकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बुद्धभूमि नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन, नियम, कार्यविधी, नीति सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

# भाग -२

# बुद्धभूमि नगरपालिका भित्र वसोवास गर्ने एकल तथा एकल आश्रित परिवारको समुह, सीप उद्यमशिलता सम्बन्धि कार्यक्रम कार्यान्वयन कार्यविधि -२०७७

**कार्यपालिकाबाट पारित मिति: २०७७।०८।३०**

**प्रस्तावनाः**

बुद्धभूमि नगरपालिका क्षेत्र भित्र स्थायी रुपमा बसोवास गर्ने एकल तथा एकल आश्रित परिवार/व्यक्तिहरुको उद्यमशिलताको माध्यम द्धारा आत्मनिर्भर, स्वाभीमानी तथा स्वरोजगार बनाउने उद्धेश्यले सीप, समुह तथा पूँजि परिचालन गर्नका लागी स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा बुद्धभूमि नगरपालिकाको प्रशासनिक कार्य नियमित गर्ने ऐन, २०७५ अनुरूप यो कार्यविधि तयार गरी कार्यपालिकाबाट स्विकृत भई राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम **"बुद्धभूमि नगरपालिका भित्र वसोवास गर्ने एकल तथा एकल आश्रित परिवारको उद्यमशिलता सम्बन्धि कार्यक्रम कार्यान्वयन कार्यविधि -२०७७"** रहेको छ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

1) **"कार्यालय"** भन्नाले नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।
2) **"प्रमुख"** भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।
3) **"उपप्रमुख"** भन्नाले नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ।
4) **"प्रमुख प्रशासकिय अधिकृत"** भन्नाले नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ।
5) **"एकल महिला संयोजक"** भन्नाले एकल महिलाको नगरपालिका स्तरिय संयोजकलाई सम्झनु पर्दछ।उक्त शब्दले वडा स्तरीय संयोजकलाई समेत बुझाउने छ।
6) **"लेखा अधिकृत"** भन्नाले नगरपालिकाको आर्थिक प्रशासन शाखाको प्रमुखलाई सम्झनु पर्दछ।
7) **"सहायक महिला विकास निरिक्षक"** भन्नाले महिला वालवालिका सम्बन्धि कार्य गर्ने कर्मचारी सम्झनु पर्दछ।
8) **"वडा कार्यालय"** भन्नाले नगरपालिकाको सवै वडाहरुलाई सम्झनु पर्दछ।
9) **"समिति"** भन्नाले यसै कार्यविधिले औल्याएको नगर स्तरीय, वडा स्तरीय समितिलाई बुझाउने छ।

**३. कार्यविधि लागु हुने क्षेत्र र सेवाः**

**३.१ समेटिने क्षेत्रहरूः**

(1) एकल महिलाको सचेतीकरण र सञ्जालिकरण गर्ने,
(2) सामुहिकता प्रवर्द्धन गर्ने,
(3) व्यवसायको शुरूवात, विस्तार गर्न सहयोग गर्ने,
(4) कृषि, पशुपालनका लागि कार्यक्रमगत सहयोग गर्ने ।
(5) स्व-उधम बन्न घरेलु उद्योग, कुटिर उद्योग प्रवर्द्धन र वजारीकरण सहयोग पर्‍याउने ।
(6) उत्पादनहरूलाई वजारीकरण गर्न सहयोग पुर्‍याउने ।

**३.२ कार्यक्रममा सहभागिताका लागि शर्त तथा प्राथमिकता**

(1) उधम गर्न चाहने एकल तथा एकल आश्रीत एकाघरको परिबार हुनुपर्ने छ ।
(2) वडास्तरीय एकल समितिको निर्णय अनुरूप वडा कार्यालयको सिफारिसमा कार्यक्रममा समावेश गर्न सकिने छ ।

**३.३ नगर स्तरीय कार्यक्रम सञ्चालन, व्यवस्थापन तथा सहजीकरणका लागि देहाय बमोजिमको समिति रहनेछ।**

| | |
|---|---|
| संयोजक | – प्रमुख |
| उप-संयोजक | – उपप्रमुख |
| सदस्य | – प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | – एकल महिला सञ्जालको नगरस्तरीय अध्यक्ष |
| सदस्य सचिब | – महिला, बालबालिका उपशाखा वा प्रमुख |

जनप्रतिनिधि, कर्मचारी, विज्ञ तथा व्यवसायीलाई आवस्यकता अनुसार आमन्त्रण गर्न सक्ने छ ।

**४. कार्यक्रममा सहभागिता, अवस्था र व्यवस्था सम्बन्धमा ।**

यस नगरपालिकाको क्षेत्र भित्र स्थायी रूपमा बसोबास गर्ने एकल तथा एकल आश्रित परिवारका सदस्यहरूको उद्यमशिलताका लागि स्बरोजगार तथा आत्मनिर्भर बनाउन अवस्था हेरी सीप समुहीकृत पुँजी परिचालन गर्ने ।

(1)एकल महिलाहरूको सामुहिकता प्रवर्द्धन, नेतृत्व विकास साथै समन्वय, सहकार्य प्रयोजनका लागि वडा स्तरसम्म भेला मार्फत वडा स्तरीय समिति तथा नगरस्तरीत एकल महिला को समिति गठन गर्न सहजिकरण गर्ने । नगर स्तरीय एकल सञ्जालमा अध्यक्ष, उपाध्यक्ष, सचिव सहित सात सदस्यीय रहनेछ । सोही अनुरूप वडा स्तरीय समिति पाँच सदस्यीय हुनेछ ।

(2)यस नगरपालिका क्षेत्र भित्र स्थायी रुपमा वसोवास गर्ने एकल तथा एकल आश्रित परिवारका

सदस्यहरुको उद्यमशिलताका लागी स्वरोजगार तथा आत्मनिर्भर बनाउन अवस्था हेरी समुह, सीप, पुजी परिचालन गर्ने ।

(3)उद्यमशिलता सम्बन्धित स-साना घरेलु तथा कुटिर उद्योग, व्यवसाय प्रबर्द्धन र बिस्तार, कृषिको व्यबसायिकरण तथा पशुपालनको व्यबसायिकरण लगायतका कार्यहरुको लागी व्यवसयको प्रकृति हेरी २५ हजार सम्म व्यवसाय सुदृढीकरण सहयोग गर्न सकिने छ । सोका लागि आवश्यकता अनुसार सुचना प्रकाशन गर्न सकिने छ। साथै प्रदेशको मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रममा समावेश भएको एकल महिलाका लागि समुह, सीप, पुँजी परिचालन सम्बन्धित क्षेत्रमा यसै कार्यविधि अनुरूप कार्यक्रम सञ्चालन गर्न सकिने छ।

**५. बिविधः**

(1)यस कार्यक्रम सञ्चालन गर्दा कुनै दुविधा भएमा कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

(2)कार्यविधीको परिमार्जन, परिष्करण गर्ने अधिकार कार्यपालिकामा निहित रहनेछ।

आज्ञाले
अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत